# नेपाल स्काउट
## राष्ट्रिय प्रधान कार्यालय
## तालिम विभाग

**प्रथम तहको खण्डगत (कव/ब्राउनी, स्काउट, भेन्चर र रोभर/रेन्जर) इकाई नायक तालिम**
**वि.टि.सि./पि.टि.सि. कोर्ष सञ्चालन सम्बन्धी कार्यविधि**

नेपाल स्काउटको चार तहको इकाई नायक तालिम प्रणाली अनुसार स्काउट मास्टरले खण्डगत (कव/ब्राउनी, स्काउट, भेन्चर र रोभर/रेन्जर) वि.टि.सि./पि.टि.सि. आधारभूत तालिम पूरा गर्न ५ रात ६ दिनको आवाशीय प्रशिक्षणमा सहभागी हुनुपर्दछ । तालिम अवधिभित्र तालिम विभागले तोकेको तालिम अध्ययन १ पूरा गरी सक्नु पर्दछ । प्रथम तहका आधारभूत स्काउट तालिम संचालन गर्न स्थानीय/प्रदेश स्काउट कार्यालयले देहाय बमोजिमको प्रकृया पूरा गर्नुपर्दछ ।

- प्रदेश/स्थानीय तालिम आयुक्त महिला विभाग एवम् पुरुष विभाग दुबैको प्रारम्भिक अध्ययनको आधारमा तालिमको आवश्यकता पहिचान गर्ने ।
- प्रदेश/स्थानीय तालिम विभागले अपेक्षित सहभागीहरुको आंकडा संकलन गरी विवरण तयार गर्नुका साथै अनुसूची १ मा संलग्न भौतिक पूर्वाधारको उपलब्धता हुने तालिम स्थल चयन एवम् निरीक्षण गरी तालिमको मिति, स्थान आर्थिक स्रोत लगायतका तालिमलाई आवश्यक पर्ने सम्पूर्ण प्रबन्धहरु बारे प्रारम्भिक अध्ययन गरी प्रतिवेदन तयार गर्ने ।
- कार्य समितिको बैठक आह्वान गरी तयार गरिएको प्रतिवेदन सहित देहाय बमोजिमका प्रस्ताव उपर छलफल एवम् निर्णयको लागि बैठक बस्ने ः

१. तालिमको आवश्यकता सम्बन्धमा ।
२. तालिम स्वीकृतीको लागि आवश्यक प्रकृया सम्बन्धमा ।
३. तालिमस्थल लगायत भौतिक व्यवस्थापन सम्बन्धमा ।
४. तालिम दल तयार पार्ने सम्बन्धमा ।
५. तालिममा सहभागी हुन चाहने स्काउटरहरुको विवरण संकलन गर्न आवश्यक सूचना प्रसारण प्रक्रिया सम्बन्धमा ।
६. तालिमका लागि आवश्यक तालिम सामग्री सम्बन्धमा ।
७. अनुसूची ७ मा उल्लेखित बजेटको रुपरेखामा आवश्यक थपघट गरी आर्थिक श्रोतको व्यवस्थापन मिलाउने सम्बन्धमा ।
८. विविध - आवश्यकता अनुसार अन्य छलफलका विषय समावेश गर्ने ।

- कार्य समितिको निर्णय बमोजिम तालिममा सहभागी हुन इच्छुक व्यक्तिहरुको विवरण संकलन गर्न अनुसूची २ बमोजिम नेपाल स्काउट तालिम पद्धति अनुसूची ८ मा उल्लेखित फाराम सहितको सूचना सबै सम्बन्धित निकाय र इच्छुक व्यक्तिहरुको पहुँचमा पुग्ने गरी विभिन्न माध्यमबाट प्रसारण गर्ने ।

- आवेदकहरुको विवरण संकलन भए पश्चात सम्पूर्ण प्रक्रिया र न्यूनतम मापदण्ड पूरा गरेका स्काउटहरुको नामावली तयार गर्ने । तालिम पद्धति अनुसार तालिम सञ्चालनको लागि प्रत्येक कोर्षमा न्यूनतम १८ र अधिकतम ३२ जनालाई तालिम प्रदान गर्न सकिन्छ ।

- तालिम दल सदस्यहरु मध्येबाट कोर्ष लिडरको रुपमा राष्ट्रिय प्रशिक्षक/सहायक राष्ट्रिय प्रशिक्षकको नियुक्ति राष्ट्रिय प्रधान कार्यालयद्वारा गरिनेछ । तालिम दलका अन्य सदस्यहरुको हकमा ३२ जनाको कोर्षको लागि ४ जना काउन्सिलरको आवश्यक तयारी आयोजक (स्थानीय/प्रदेश) स्वयंले गर्नु पर्ने छ । प्रथम तहको तालिमको लागि खण्डगत रुपमा, कम्तीमा आधारभूत तालिम प्राप्त गरी दोस्रो तहको प्रकृया पूरा गरेका स्काउटरको चयन गर्नु पर्नेछ ।

*आयोजक निकाय (स्थानीय/प्रदेश) भित्र रहेका स्काउटरहरु मध्येबाट काउन्सिलरको आवश्यकता पूरा हुन नसकेमा राष्ट्रिय प्रधान कार्यालयसँगको समन्वयमा काउन्सिलरको व्यवस्थापन गर्न आवश्यक प्रकृया अगाडी बढाउनु पर्नेछ ।*

- अनुसूची ३ मा उल्लेख भए बमोजिमको तालिम माग पत्र राष्ट्रिय प्रधान कार्यलयमा प्रेशित गर्ने । सोको बोधार्थ सम्बन्धित प्रदेश स्काउट कार्यालयलाई पनि उपलब्ध गराउने ।

- राष्ट्रिय प्रधान कार्यालयबाट तालिम विवरण सहित तालिम स्वीकृति प्राप्त गर्ने ।

- आवश्यक मापदण्ड पूरा गर्ने सहभागीहरुको नामावलीको आधारमा सहभागीहरुलाई काजको प्रत्र तयार गरी देहाय बमोजिमको सूचना प्रेशित गर्ने ः

    १. तालिम स्थल
    २. तालिम सञ्चालन हुने मिति
    ३. तालिम शुल्क
    ४. तालिमका लागि सहभागीले तयार पार्ने सामग्री (अनुसूची ४ अनुसार)

- तालिम सञ्चालन हुनु एक हप्ता अगाडी नै तालिम दलको अभिमुखीकरण बैठक सम्पन्न गर्न राष्ट्रिय प्रधान कार्यालयसँग समन्वय गर्ने । साथै कोर्ष लिडरलाई पनि सहभागीको विवरण उपलब्ध गराउने ।

- तालिम दल भन्दा बाहिरका अन्य दक्ष श्रोत व्यक्तिको उपलब्धता हुन सक्ने कक्षाको लागि कोर्ष लिडरसँगको समन्वयमा श्रोत व्यक्तिलाई आमन्त्रित गर्ने वातावरण तयार पार्ने ।

- अनुसूची ५ मा उल्लेखित राष्ट्रिय प्रधान कार्यालयबाट उपलब्ध हुने तालिम सामग्री प्राप्त गर्ने, स्काउट सपबाट उपलब्ध हुने सामग्री खरिद गर्ने र अनुसूची १ अनुरुपको सामग्री एवं भौतिक तयारी सम्पन्न गर्ने ।

- अनुसूची ६ मा उल्लेखित तालिका अनुसार तालिम दलसँगको समन्वयमा तालिम सञ्चालन गर्ने ।

- तालिम दल एवं (कार्य समितिको निर्णयको आधारमा) तालिममा संलग्न अन्य व्यक्तिहरुलाई दैनिक भत्ता एवं यातायात भत्ताको व्यवस्था गर्ने ।

- तालिम सम्पन्न भएको मितिले ७ दिनभित्र कोर्ष लिडरबाट राष्ट्रिय प्रधान कार्यालयद्वारा निर्धारित नमुना अनुसारको तालिम प्रतिवेदन संकलन गर्ने ।

- तालिमको आर्थिक प्रतिवेदन तयार गरी कोर्ष लिडरबाट प्राप्त प्रतिवेदन एवं अन्य आवश्यक दस्तावेज संलग्न गरी तालिमको प्रतिवेदन तालिम सम्पन्न भएको मितिले १५ दिनभित्र राष्ट्रिय प्रधान कार्यालय तालिम विभागमा पेश गर्ने ।

- प्रथम तहको ५ रात ६ दिनको आवासीय तालिममा सहभागी भए पश्चात्त दोस्रो तहको व्यक्तिगत टेवामूलक तालिमको प्रकृया पूरा गर्ने सम्बन्धमा राष्ट्रिय प्रधान कार्यालयले तयार गरेको कार्यविधि अनुसारको आवश्यक कार्य पूरा गर्ने /गराउने ।

अनुसूची १

## वि.टि.सि./पि.टि.सि. तालिम सञ्चालनको लागि आयोजकले तयार गर्नुपर्ने श्रोत साधन

(३२ जनाको १ कोर्षको लागि)

| | |
|---|---|
| **१. स्थानः**<br>क) झण्डा कार्य स्थल<br>ख) कक्षा कोठा<br>ग) सुत्ने कोठा<br>➢ तालिम दल (महिला र पुरुष विभागका लागि छुट्टाछुटै)<br>➢ सहभागी (माहिला र पुरुष विभागका लागि छुट्टाछुटै)<br>घ) शौचालय (महिला शौचालयमा अनिवार्य डस्टबिन)<br>ङ) तालिम दलको लागि कार्यालय /मिटिङ्ग हल<br>च) खाना पकाउने स्थान (४ टोलिको लागि)<br>ज) खाना खाने स्थान<br>झ) भाडा माझ्ने र फोहोर फाल्ने स्थान<br>ञ) प्रसस्त पानीको सुविधा<br>ट) हाइकिङ्गको लागि उपयुक्त स्थल<br>➢ तालिम स्थलबाट २ कि.मि जतिको दुरीमा,<br>➢ पानीको उपलब्धता,<br>➢ खुल्ला चौर,<br>➢ शौचालयको सुबिधा । | **२) जनशक्ति**<br>१) तालिम दल<br>➢ कोर्ष लिडर<br>➢ सहायक कोर्ष लिडर<br>➢ क्वाटर मास्टर<br>➢ काउन्सिलरहरु<br>२) सहभागी – न्यूनतम १८ महिला/ १८ पुरुष<br>३) खाना पकाउन सहयोगी<br>४) क्याम्प ब्यवस्थापनका लागि<br>५) सवारी साधन चलाउन जान्ने<br>Mobile Volunteers<br><br>३) खानाको ब्यवस्थापनका लागि जानकारी<br>➢ बिहानीको नास्ता – ७ बजे<br>➢ दिवा खाना – १२ बजे<br>➢ खाजा – ३:३० बजे<br>➢ रातीको खाना – ७ बजे<br>➢ प्रत्येक दिनको समीक्षा बैठकमा तालिम दलको लागि हल्का नास्ता – राती १० बजे । |
| ४) आवश्यकता अनुसार बिजुली बत्ती<br>५) आवश्यकता अनुसारको जेनेरेटर<br>६) कक्षाकोठा, सुत्ने कोठा र Mobile Charging Spot को लागि Multiplugs<br>७) PA System<br>➢ Mike and Speaker<br>➢ Projector, Screen/White Cloth<br>➢ Laptop<br>➢ Data Cables and Other Cables as per requirements | ८) सूचना पाटी<br>९) कक्षा कोठामा सेतो पाटी<br>१०) प्राथमिक उपचार सामग्री<br>११) मौसम अनुसारको ओढ्ने ओछ्याउने<br>➢ तालिम दलको लागि सम्पूर्ण ब्यवस्था आयोजकले मिलाउने<br>➢ सहभागीको लागि स्वयम्ले/ आवश्यकता अनुसार आयोजकले |

<table>
<tr>
<td>१२) झण्डा पोल – ३ थान<br>१३) डोरी<br>➢ झण्डा डोरी – २०० मि.<br>➢ ग्याजेटको लागि मसिनो जुट डोरी / स्काउट डोरी – ५०० मि.<br>➢ स्काउट डोरी – ३०० मि.<br>१४) बाँस – १५ थान<br>१५) निगाँलो – १०० थान<br>१६) बञ्चरो – १ थान<br>१७) करौती – १ थान<br>१८) खुर्पा/खुकुरी – ५ थान<br>१९) खन्ने औजार – २ थान<br>२०) त्रिपाल – २ थान</td>
<td>२४) हाइकिङ्ग<br>➢ ४ वटा टोलीलाई छुट्टाछुट्टै १ छाकको खाजाको सामाग्री<br>➢ ४ वटा टोलीलाई छुट्टाछुट्टै चिया पकाउने भाँडावर्तन र सामग्री (डेक्ची+ढकन– १ थान, गिलास)<br>➢ प्राथमिक उपचारको बाकस<br>२५) क्याम्पफायर<br>➢ दाउरा<br>➢ मट्टितेल/पेट्रोल<br>➢ जुट बोरा/पुरानो कपडा</td>
</tr>
<tr>
<td></td>
<td>२७) सर्वधर्म सभा<br>➢ पिठो – १ के.जी<br>➢ अविर – १ पाकेट<br>➢ केशरी – १ पाकेट<br>➢ हरियो रङ्ग – १ पाकेट<br>➢ अगरबत्ती– १ बट्टा<br>➢ चकलेट – १ पाकेट</td>
</tr>
<tr>
<td colspan="2">28. Stationary<br>- Ball Point for each participants & staff<br>- Sign Marker (Red-1, Black-1)<br>- Writing pad for each participants & staff<br>- Special folder/My Clear bag to keep course documents for each participants & Staff<br>- A-4 Bond Paper for Computers, copying machine and typing (about 5 reams)<br>- A-4 color papers 1 ReamPlain paper for group works<br>- Flip Chart Papers 1 Bundle - Chart Paper( in different colors) 1 dozen<br>- Pencil & Sharpeners 1 dozen - White board markers (6 different colors) 1 Dozen<br>- Sign pen colors ½ Dozen - Rulers ½ dozen- Duster 1 pc<br>- Staplers/stapler pins 5 pcs - Scissors/cutters 5 pcs - Sticky Notes<br>- Self adhesive tapes/masking tapes/double sided tapes/ blue tacks etc ½dozen<br>- ID holder 32 pcs - Punching Machine 5 pcs - Glue/paste 5 pcs<br>- Gem clips, Aal Pins 1 box - Board pins - Board Clip/magnetic clip- USB Pen drives</td>
</tr>
</table>

**अनुसूची २**

**मितिः.................................................**

**सूचनाः आधारभूत स्काउट मास्टर तालिममा सहभागिताको लागि नामावली दर्ता गराउने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा नेपाल स्काउटको तालिम प्रणाली अनुसार यस .....................स्थानीय/प्रदेश स्काउट कार्यालयको आयोजनामा नेपाल स्काउटको युवा कार्यक्रम कार्यान्वयनमा योगदान गर्ने स्काउट लिडर तयार गर्ने उद्देश्य सहित निम्न लिखित विवरण अनुसार प्रथम तहको आधारभूत स्काउट मास्टर तालिम कोर्ष सञ्चालन हुन लागेको सहर्ष जानकारी गराईन्छ ।

तालिममा सहभागी हुनका लागि देहाय बमोजिमका न्यूनतम मापदण्ड र प्रक्रिया पूरा गरेका सम्पूर्ण महानुभावहरुलाई मिति.............................. भित्र यसै सूचनासाथ संलग्न नेपाल स्काउट तालिम पद्धति अनुसूची ८ अनुसारको आवेदन फारम भरी निवेदन दिन हुन हार्दिक अनुरोध गरिन्छ ।

**तालिम विवरणः**

तालिम स्थलः ........................................................

तालिम सञ्चालन हुने मिति :..........................................देखि.......................................सम्म । (५ रात ६ दिन)

तालिम शुल्कः

न्यूनतम मापदण्डः

क) कब/ब्राउनी, वि.टि.सी./पि.टि.सी. मा भाग लिन चाहने ब्यक्तिको उमेर कम्तिमा १८ बर्ष पुगेको र शैक्षिक योग्यता कम्तिमा 10+2 वा सो सरह उत्तीर्ण गरेको हुनु पर्दछ ।

ख) कब/ब्राउनी वि.टि.सी./पि.टि.सी. तालिम लिएर लगातार ५ वर्ष सेवा गरेको ब्यक्ति स्काउट बि.टि.सि/पि.टि.सि मा सहभागी हुन पाइने छ ।

ग) स्काउट वि.टि.सी./पि.टि.सी. मा भाग लिन चाहने ब्यक्तिको उमेर कम्तीमा २० बर्ष पुगेको र शैक्षिक योग्यता कम्तीमा 10+2 कक्षा उत्तीर्ण गरेको हुनु पर्दछ ।

घ) भेन्चर/रोभर/रेञ्जर लिडर वि.टि.सी./पि.टि.सी.का सहभागीका लागि भने कम्तिमा २५ बर्ष पुगेका र शैक्षिक योग्यताका हकमा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातक/डिप्लोमा तह उत्तीर्ण गरेको हुनु पर्दछ वा स्काउट वि.टि.सि/पि.टि.सि तालिम लिएर लगातार ५ वर्ष सक्रिय रुपमा स्काउटिङ्गमा सेवा गरेको भए सो योग्यता नभए पनि 10+2 कक्षा उत्तीर्ण भएको हुनु पर्दछ ।

ङ) शैक्षिक योग्यता प्रमाण पत्र नोटरी पब्लीकबाट प्रमाणित गरिएको हुनु पर्ने छ ।

# Nepal Scouts
## National Headquarters
## Training Department

**Application for admission to the Basic/Advanced Course for Cub Master/Brown Owl/Scout Master/Venture Scout Master/Rover Ranger Scout Leader**

To,
The Training Commissioner,
……………………… Province/ Local Level

……………………………. Course for Cub Masters/Brown Owl / Scout Masters / Venture Scout Masters / Rover Ranger Scout Leaders to be held at ………………………………. From ………………………………………. .

Sir/Madam,

I hereby apply for admission to the above course. I furnish the following information about me.

1. Full Name (in Block letters): …………………………………………………….
2. Full home address: …………………………………………………….
3. Mail Id : ……………………………………. . Phone no.: ……………………
4. Occupation: …………………………………………………….
5. Date of birth and age: …………………………………………………….
6. Academic qualification: …………………………………………………….
7. Experience in Scouting, if any (Cub/Scout/Venture/Rover): …………………………………………………………………………………….

**For Advanced Course**
BTC/PTC Certificate No. ……………………… date ………………………
Warrant No. ……………………… date ……………………… valid up to ……………………… .
Name of the Unit ………………………………………………………………………… .

I shall abide by the rules and the discipline of the Nepal Scouts and of the Training Course. I shall make use of the Training for my Unit and can spare enough time for the movement.

Signature of the Applicant
Date …………………………….

अनुसूची ३

मिति :.......................................................

श्री नेपाल स्काउट
राष्ट्रिय प्रधान कार्यालय,
लैनचौर, काठमाण्डौं।

**विषयः स्काउट आधारभूत तालिम कोर्ष संञ्चालन सम्बन्धमा ।**

प्रस्तुत विषयमा....................... स्थानीय/प्रदेश कार्यालय अन्तर्गत सञ्चालित विभिन्न विद्यालय/संघ/संस्थामा आबद्ध प्रतिनिधीहरुलाई समेटी नेपाल स्काउटको युवा कार्यक्रम कार्यान्वयन गरी युवाहरुलाई स्काउटिङ्ग क्रियाकलापमा सहभागी गराउन सक्षम स्काउटर तयार गर्ने उद्देश्यले स्थानीय/प्रदेश तालिम विभागले स्काउट आधारभूत तालिम कोर्षको आवश्यकता पहिचान गरेको जानकारी गराइन्छ। तालिम सञ्चालनको लागि गरिएको प्रारम्भिक अध्ययनको आधारमा तालिमका लागि आवश्यक श्रोत साधनको विवरण देहाय बमोजिम रहेको जानकारी गराउँदै आधारभूत स्काउट तालिम सञ्चालनको लागि स्विकृति प्रदान गरीदिनुहुन अनुरोध गरिन्छ ।

साथै तालिम सञ्चालनको लागि कोर्ष लिडर तोक्ने तथा कोर्ष संख्या एवम् रा. प्र. का. बाट उपलब्ध हुने तालिम सामाग्री उपलब्ध गराइदिनहुन समेत अनुरोध छ ।

(अन्य श्रोत साधनको ब्यवस्थापनमा रा. प्र. का. बाट अपेक्षित सहयोगको आवश्यकता उल्लेख गरेर निवेदन तयार गर्न सकिने छ ।)

तपसिलः

तालिम सञ्चालन हुने मिति : ................ देखि ................ सम्म । (५ रात ६ दिन)

तालिम स्थल विवरण :......................................................................

क) स्थलः

ख) भौतिक पूर्वाधार विवरणः प्रथम तहको आधारभूत स्काउट तालिम सञ्चालन सम्बन्धी कार्यविधि अनुसुची १ अनुसार सम्पूर्ण सुविधा उपलब्ध भएको ।

ग) सहभागीको विवरण यसैसाथ संलग्न रहेको ।

घ) काउन्सिलरको विवरण यसैसाथ संलग्न रहेको ।

(प्रदेश स्काउट कार्यालयले काउन्सिलरको ब्यवस्थापन गर्न रा. प्र. कार्यालयसँग समन्वय गर्न आवश्यक भएको खण्डमा निवेदनमा उल्लेख गर्नु पर्नेछ ।)

**तालिममा सहभागीहरुको विवरण**

| क्र. स. | नम | संलग्न संस्था | शैक्षिक योग्यता | जन्ममिति | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**काउन्सिलरको विवरणः**

| क्र. स. | नाम | जिल्ला | संलग्न प्याक/ट्रुप/क्र्यु | स्काउटिङ्ग योग्यता | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

बोधार्थ

श्री...........................प्रदेश स्काउट कार्यालय

.................................प्रदेश

...................................।

.......................................................

स्थानीय/प्रदेश स्काउट कार्यालय

अनुसूची ४

**Individual Kit for Camper**

1. Full Scout Uniform( Shirt with Nepal Scout Strip Badge, WAGGGS/ WOSM, Membership, Shoulder Badge, Scout Master Badge), Pant/Sari, Belt, Cap, Scarf, Woggle, Black Close Shoes and Socks)
2. Sleeping Bag and Matress
3. Scout Rope (2.5 m)
4. Extra 2 set of clothes.
5. Sports shoes, Slipper.
6. Torch, Candles, match box/lighter.
7. **Raincoat or Umbrella during raining season.**
8. Note – Book, Pen, Pencil, Eraser, Scale, Sketch/Marker Pen, Scissors.
9. Material for making charts and Teaching aids.
10. Knife
11. Nail cutter
12. Needle, Thread and button.
13. Material for Handicraft
14. Books for reference
15. Sanitary Pad (for girls)
16. Toiletries Items (Toothbrush, toothpaste, Soap, Shampoo, Face wash, cream, etc).
17. Towel
18. Shaving Kit (For Boys).
19. Insect Repellent
20. **Personal Medicine and First Aid Kit.**

Note: Any other items as per your requirement.

अनुसूची ५

| क्र.सं | सामानको विवरण | संख्या | दर | जम्मा | फिर्ता संख्या | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| **स्काउट सपबाट खरिद गर्ने सामाग्री** | | | | | | |
| १ | नेपाल वायज | | | | | |
| २ | वि.पि. पिक वायज | | | | | |
| ३ | अन्नपूर्ण वायज | | | | | |
| ४ | WOSM वायज | | | | | |
| ५ | WAGGGS वायज | | | | | |
| ६ | स्काउटर मास्टर वायज | | | | | |
| ७ | राष्ट्रिय स्कार्फ | | | | | |
| ८ | Woggle | | | | | |
| ९ | Youth Programme | | | | | |
| १० | क्याम्प फायर | | | | | |
| ११ | गाँठो पुस्तक | | | | | |
| १२ | Troop Sanchalan Bidhi | | | | | |
| १३ | ब्यवहार ज्ञानमाला | | | | | |
| १४ | वि.पि. जीवनी | | | | | |
| १५ | BP Flip Chart | | | | | |
| १६ | Scouting for Boys | | | | | |
| तालिम पश्चात फिर्ता गर्ने गरी रा. प्र. का. बाट उपलब्ध हुने सामाग्री | | | | | | |
| १७ | पेनान झण्डा | २ | | | | |
| १८ | अनर झण्डा | २ | | | | |
| १९ | पेट्रोल झण्डा | ८ | | | | |
| २० | Ladder of Rank(Troop Leader (B/G) | २ सेट | | | | |
| २१ | Ladder of Rank(Patrol Leader (B/G) | | | | | |
| २२ | Ladder of Rank(Assistant Patrol Leader) | | | | | |
| २३ | ट्रूप झण्डा | २ | | | | |
| २४ | स्काउट झण्डा | २ | | | | |
| २५ | रा. प्र. का. झण्डा | १ | | | | |
| २८ | राष्ट्रिय झण्डा | १ | | | | |
| २९ | तालिम स्कार्फ | ६४ | | | | |
| ३० | तालिम पद्धति | १ | | | | |
| ३१ | बाल संरक्षण नीति | १ | | | | |
| ३२ | Presentation Chart Papers | १ सेट | | | | |

# Nepal Scouts
## National Heaquarters | Training Department
## Boy Scouts BTC/ Girl Scouts PTC Timetable

| Time | Day 1 | Day 2 | Day 3 | Day 4 | Day 5 | Day 6 |
|---|---|---|---|---|---|---|
| 06:00-07:00 | **Arrival & Resigtration** | Rouse and Personal Cleaning | Rouse and Personal Cleaning | Rouse and Personal Cleaning | Rouse and Personal Cleaning | Rouse and Personal Cleaning |
| 07:00-07:30 | | BP Exercise | BP Exercise | BP Exercise | BP Exercise | **39. Scout Own** |
| 07:30-08:30 | | Breakfast | Breakfast | Breakfast | Breakfast | Breakfast |
| 08:30-09:00 | | Inspection | Inspection | Inspection | Inspection | Inspection |
| 09:00-09:30 | | Flag Ceremony | Flag Hoist Ceremony(Investiture of Membership Badge) | Flag Ceremony | Flag Ceremony | Flag Ceremony |
| 09:30-10:00 | | Session begins with reflection and Review of the previous day | Discipline and Good order in the Troop | Discipline & Good order in the troop | | |
| 10:00-10:30 | **1 Course Starting**<br>· Arrival of Participants and Registration Assemble in flag arena<br>· Patrol formation<br>· Settle down | **6. Ideals of Scouting** | Session begins with reflection and Review of the previous day | Session begins with reflection and Review of the previous day | **27. Scout Activities**<br>• World program policy<br>• Youth involvement Policy<br>• Safe From Harm<br>• Gender<br>• NSO Policies<br>• Scout Activities | **Records and report** |
| 10:30-11:00 | | **7. The Scout Promise and Law** | **12. Long, Medium and Short term planning** | **19. Milestone of World Scouting** | | |
| 11:00-12:00 | | **8. Fundamentals of Scouting** (11:00-11:30)-30min<br>**9. Starting of Scouting and short biography of Lord and Lady Baden Powell** (11:30-12:00)-30min | **13. Weekly meetings(Troop Meeting)** (11:00 - 11:30) - 30min<br>**14. Whistle Sign/Hand Signal** (11:30 - 12:00) - 30min | **20. Camping techniques** | **28. Outdoor Activities/Scouting Skills**<br>• Rope work<br>• Compass and Map reading | **31. Training of Leaders**<br>Adult resource policy/ Five stage training of Nepal Scouts |
| 12:00-13:00 | **Lunch** | **Lunch, Rest & STA's** | **Lunch** | **Lunch** | **Lunch** | **Lunch** |
| 13:00-13:30 | **Opening Ceremony** | **11. Running unit meeting**<br>· Grand Howl/Grand | **15. Program Support** | **21. Health and hygiene in camp** | **29. Basic criteria and resources** | **42. Role of unit leader/ Responsibilities of** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | Salute | | | | **Leadership** |
| 13:30-14:00 | **2. Defining Course Objectives**<br>· Objective of the course · Course overview · Orientation(Course Requirements/Course Routine/ Course rules/Duties/ Evaluation) | **10. Running unit meeting** | **16. Background of Nepal Scouts/ Vision, Mission, Priority area and objective of Nepal Scouts** | **22. Fire regulations and safety** | | |
| 14:00-14:30 | **3. Leading a unit**<br>• Role and Responsibility of leader | Skill Training (Knotting) | **Rope Work** | **23. Cooking and catering** | **30. Camp Craft and Hiking** | Investiture Ceremony of Scout Leader |
| 14:30-15:00 | | | | **24. Ceremonies in Scout Section** | Short Hiking (Snacks in the Hiking- Petrol Cooking)-<br>14:30-16:30 - 120min | Open Forum |
| 15:00-15:30 | **Snacks** | **Snacks** | **Snacks** | **Snacks** | | Course Evaluation/Preparation of Closing Ceremony/Snacks |
| 15:30-16:00 | **4. Working with young people**<br>• The young people of Scout age | **11. Award Scheme, Badges** | **17. Unit Management The Patrol System** | **25. Campfires** | | Closing Ceremony and Certificate distribution |
| 16:00-17:00 | **5. First Aid** | | **18. Introduction of Baden Powell Scout Peak and Meaning of BP Peak Badge** | | Display of the collection and report of Hike experience (16:30-17:00) - 30min | Flag Down and Farewell/ Departure of Trainee |
| 17:00-17:30 | **Dinner** | | | **26. Flag and its etiquettes** | **30. Meaning of Annapurna Badge** | **Departure** |
| 17:30-19:00 | | **Dinner & Test for Membership Badge** | **Dinner** | **Dinner** | Test for Annapurna Badge/Preparation of Grand Camp fire (17:30-18:30) - 30min | |
| 19:00-20:00 | Rest and Preparation of Evening Activities | Investiture Ceremony of Membership Badge | Investiture of BP Scout Peak Badge (19:30-20:00)-30min | Investiture of Annapurna Badge (19:30-20:00)-30min | **Dinner** (18:30-19:30)-60min | |
| 20:00-21:00 | Evening Activities | Evening Activities | Evening Activities | Evening Activities | Grand Campfire/Investiture of Annapurna Badge/ Advancement Ceremony | |

अनुसूची ७

**Nepal Scouts**
**National Headquarters**
**Training Department**
**BTC/PTC Training**
**Budget Estimation (1 BTC + 1 PTC: 32+32=64 Participants)**

| **S.No** | **Particulars** | **Number of participants** | **Rate per day** | **Number of days** | **Total (For 96 participants)** |
|---|---|---|---|---|---|
| 1 | Pre training site visit for assessment | | | | 5,000/- |
| 2 | Transportation of goods from KTM to training site and vice versa | | | | 10,000/- |
| 3 | Opening and Closing ceremony | | | | 5,000/- |
| 4 | Food | 75 | 550/- | 7 | 2,88,750/- |
| 5 | Accommodation | 75 | 500/- | | 37,500/- |
| 6 | Stationary for participants | 64 | 250/- | | 16,000/- |
| 7 | Office stationary | | | | 10,000/- |
| 8 | Printing & Publication Expenses | | | | 10,000/- |
| 9 | Training Materials | 64 | 500/- | | 32,000/- |
| 10 | Travel Expenses to trainers | 10 | 3,000/- | | 30,000/- |
| 11 | Trainer Expenses | 12 | 1500/- | 7 | 1,26,000/- |
| 12 | Electricity + Generator | | | | 50,000/- |
| 13 | Sound System | | | | 50,000/- |
| 14 | Sanitization | | | | 10,000/- |
| 15 | First Aid | | | | 10,000/- |
| 16 | Hiking and Hiking related expenses | | | | 10,000/- |
| 17 | Camp Fire Expenses | | | | 5,000/- |
| 18 | Scout Own Expenses | | | | 2,000/- |
| 19 | TA for Participants | 64 | 3,000 | | 1,92,000/- |
| 20 | Uniform for Participants | 64 | 3,500 | | 2,24,000/- |
| 21 | Miscellaneous | | | | 26,750/- |
| | | **Total** | | | 11,50,000/- |